# दोश्रो त्रैमासिक समीक्षा प्रतिवेदन

## हिमा गाउँपालिका कालिकाखेतु, जुम्ला

### आर्थिक बर्ष २०८२/०८३

हिमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेतु, जुम्ला
कर्णाली प्रदेश, नेपाल

CS CamScanner

## सम्पादन मण्डल

संरक्षक

श्री लक्ष्मण बहादुर शाही

अध्यक्ष

श्री सुर्पना शाही

उपाध्यक्ष

सल्लाहकार

श्री रण बहादुर बुढा

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# सम्पादकीय

यस हिमा गाउँपालिकाको वार्षिक प्रगती तथा सञ्चालित कार्यक्रमहरु सर्वसाधारण एव सरोकारवाला समक्ष सर्वजनिक गर्ने र आगामी कार्यक्रम संचालनको लागि संरचनात्मक पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले आर्थिक वर्ष २०८२।०८३ को बार्षिक प्रगती प्रतिबेदन पुस्तिका प्रकाशन गरिएको छ । यस पुस्तिकाको माध्यामबाट वार्षिक कार्यक्रमको प्रगती सार्वजनिक गर्ने यस गाउँपालिकाको जमर्को रहेको छ । सूचना सम्प्रेषण गर्नु र पृष्ठपोषण प्राप्त गर्नु यस प्रकाशनको एक मात्र उद्देश्य रहेको छ ।

पुस्तिकामा  गाउँपालिकाबाट आयोजित बार्षिक प्रगती समिक्षा कार्यक्रमको संक्षिप्त प्रतिबेदन र कार्यक्रमको क्रममा गरिएका विभिन्न प्रस्तुतिहरु लाई मुख्य विषय बस्तु बनाईएको छ । साथै यस गाउँपालिका अन्तर्गतका शाखाहरुबाट संचालित क्रियाकलापहरु समेटिएको छ ।

अन्तमा आगामी वर्षमा यसको सान्दर्भिकता हेरी यस प्रकाशनको क्रमलाई निरन्तरता दिइने छ । पुस्तिकामा समेटिएका विषयबस्तु  तथा गाउँपालिकाबाट आगामी दिनका कार्यक्रमहरु संचालनमा गर्नुपर्ने सुधारका लागि समयमै सुझाव दिई सहयोग गरिदिनहुन अनुरोध गर्दछौं ।

पुस्तिका तयार गर्न सहयोग गर्नुहुने यस गाउँपालिकाका सम्पूर्ण पलाधिकारीहरुलाई धन्यबाद दिन चाहन्छौ।

CamScanner

## पृष्ठभूमि

बार्षिक प्रगति समीक्षा कार्यक्रमलाई विगतको राम्रो पक्षबाट सिकेर भविष्यको कार्ययोजना बनाउने बलियो आधारको रुपमा लिईन्छ मिति २०८२ फागुन २८ गते गाउँपालिकाको कार्यालयमा आर्थिक वर्ष २०८२।०८३ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरियो कार्यक्रमको अध्यक्षता यस गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण बहादुर शाही र विशिष्ट अतिथिको रुपमा यस गाउँपालिका उपाध्यक्ष श्री सुर्पना शाही रहनुभएको थियो । अन्य सहभागीहरुमा ७ वटै वडाका अध्यक्ष र कार्यपलिकाका सदस्यहरु लगायत अन्य यस गाउँपालिका अन्तर्गत रहेका विभिन्न शाखामा कार्यरत कर्मचारीहरु  रहनुभएको थियो ।

### प्रारम्भिक कार्यक्रम

यस गाउँपालिका वडा न् ७ का वडा अध्यक्ष श्री विक्रम बहादुरशाहीको स्वागत मन्तव्य र राष्ट्रिय गानबाट सुरुवात गरिएको थियो भने बिक्रम बहादुर शाहीले यस आ व को समयावधिमा यथार्थ वस्तु निष्ठ कामहरु गरेको जस्तै विभिन्न योजना तथा आयोजनाहरुको वारेमा जानकारी दिनुभएको थियो ।

### प्रस्तुतिकरण

समिक्षाको मुख्य कार्यक्रमको रुपमा आ.ब. २०८२।०८३ मा यस गाउँपालिका बाट सम्पादित योजना तथा कार्यक्रमहरु प्रस्तुतीकरण सम्बन्धीत शाखा प्रमुखहरुबाट गरिएको थियो। सबै जसो प्रसतुतीकरण शाखा भित्रका कार्यक्रम र योजना सोको लागि विनियोजित बजेट वित्तिय र भौतिक प्रगतिहरु समेटिएका थिए ।

CamScanner

- योजना  शाखाप्रमुख श्री कार्तिक रोकायाले सम्पूर्ण योजना तथा आयोजनहरु संचालनको बारेमा प्रस्तुत गर्नु भएको थियो ।
- आर्थिक प्रशासन शाखाप्रमुख श्री विशाल रातले समष्टीगत वित्तिय प्रगति संक्षिप्त विवरण पेश गर्दै उहाँले बेरुजु फरुछर्यौट संपरीक्षण खर्चमा मितव्यायी जस्ता वित्तिय अनुशासनका औजारहरुका सम्बन्धमा स्पष्ट पार्नु भएको थियो ।
- राजश्व शाखा प्रमुख श्री दीपेन्द्र बहादुर शाहीले राजश्व शाखाबाट सम्पादित कार्यहरु सम्बन्धमा प्रस्तुत गर्नुभएको थियो ।
- शिक्षा शाखा प्रमुख श्री दन्तराज रावतले समग्र शिक्षा क्षेत्रमा भए गरेका क्रियाकलापका साथै २३ वटै विद्यालयमा भईरहेको पठनपाठनको विषयलाई प्रस्तुत गर्नु भएको थियो ।
- पशु पन्छी विकास शाखा प्रमुख श्री नरसिंह थापाले पशुपन्छी विकास शाखामा विनियोजित बजेट र सेवा पुऱ्याएको क्षेत्र र शाखाबाट भए गरेका क्रियाकलापहरुको बारेमा प्रस्त गर्नुभएको थियो ।
- कृषि विकास शाखा प्रमुख श्री प्रमोद भट्टले कृषि विकास शाखामा विनियोजित बजेट र सेवा पुऱ्याएको क्षेत्र र शाखाबाट भए गरेका क्रियाकलापहरुको बारेमा प्रस्त गर्नुभएको थियो ।
- स्वास्थ्य शाखा प्रमुख श्री रतन बहादुर रावतले स्वास्थ्य शाखाबाट सेवा प्रवाहको बारेमा प्रस्तुत गर्नुभएको थियो ।
- भौतिक पूर्वाधार शाखा  प्रमुख श्री तोरण खड्काले भौतिक पूर्वाधार शाखाबाट संचालन भएका योजना तथा आयोजनाहरुको प्रगतीको वारेमा प्रस्तुत गर्नुभएको थियो।

CS CamScanner